रोहिणी गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

## लुम्बिनी प्रदेश

धकधई, रुपन्देही

प.स.:-०७९/०८०

च.नं.:-

मिति ;- २०७९/०६/३०

सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।

रोहिणी गाउपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा चालू आ.व.२०७९/०८० मा नि;शुल्क बितरण गर्ने तपसिल बमोजिमको औषधि तथा औषधि जन्य सामानहरु शिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नु पर्ने भएको ले इजाजत प्राप्त इच्छुक सप्लायर्स फर्म वा कम्पनीहरुवाट सीलबंदी दरभाउपत्र पेश गर्नका लागी यो सूचना आव्हान गरिएको छ ।साथे सिलबन्दी दरभाउपत्रका शर्तहरु र बिस्तृत जानकारीको लागी कार्यालयको बेबसाइड www.rohinimun.gov.np तथा कार्यालयको सूचना पाटीमा हेर्न सकिने छ ।

| क्र.स. | ठेक्का न, | बिबरण | सिलबन्दी दरभाउपत्र जमानत रकम | दरभाउपत्र दस्तूर रु. |
|---|---|---|---|---|
| १ | ००१/०७९/०८० | औषधि तथा औषधि जन्य सामानहरु खरीद | ७४००० | ३०००।-फिर्ता नहुने गरी |

[१] सिलबन्दी दरभाउपत्र-खरीद गर्ने अन्तिम मिति ;- २०७९/७/१५ गते कार्यालय समय भित्र रोहिणी गाउपालिकाको कार्यालय,रुपन्देही ।

[२] सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति २०७९/७/१६ गते मध्यांतर १२ बजे भित्र ,रोहिणी गाउपालिकाको कार्यालय,रुपन्देही

[३] सिलबन्दी दरभाउपत्र दर्ता खोलने मिति ;-२०७९/७/१६ गते अपरानह २ बजे रोहिणी गाउपालिकाको कार्यालय,रुपन्देही

श्रीप्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

# रोहिणी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश
### धकधई,रुपन्देही

प.स.:-०७९/०८०

च.नं.:-

मिति ;- २०७९/०६/३०

**विषयः सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।**

यस कार्यालयको लागि आ.ब.०७९/०८० मा आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान सिलबन्दी दर भाउपत्रद्धारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक बयक्ति,फर्म,कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिम को शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउ पत्र पशे गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

## शर्तहरु

१। दरभाउपत्र फारम खरिद गर्न ईच्छुक फर्म,उद्योग,कम्पनी वा ब्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र चालु आ.ब.को लागि नविकरणभएको फर्म दर्ता प्रमाण पत्र,स्थायी लेखा दर्ता प्रमाण पत्र,मू.अ.कर दर्ता प्रमाण पत्र एवं आ.ब. ०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु.३०००।०० राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस रोहिणी गाँउपालिकाको कार्यालय धकधई,रुपन्देहीबाट खरिद गर्न सकिनेछ ।

२। खरिद गरिएको शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस गाँउपालिकाको नाममा सम्बोधन गरी शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम,ठेगाना र फोन नं उल्लेख गरी सहिछाप गरी शिलबन्दीमा लाहाछाप लगाई खा को बाहिर कामको विवरण,ठेक्क नं समेत उल्लेखित गरी यस गाँउपालिकाको कार्यालयमा तोकिएको समय भित्रै दर्ता गराई सक्नुपर्छ । सो शिलबन्दी दरभात्रपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २ बजे विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्र दाता वा निजहरुले अख्तियारीनामा दिई पठाएक प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३। दरभाउपत्र कर्ताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

४। शिलबन्दी दरभाउपत्र साथ जमानत वापत तपसिलमा उल्लेखित गरे बमोजिमको जमानत रकम रोहिणी गाँउपालिकाको कार्यालयको नाममा एन.आई.सि.एशिया बैंक शाखा कार्यालय,धकधई,रुपन्देहीमा रहेको धरौटी खाता नं ९४४१४९८७३४५२४००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस गाँउ कार्यपालिकाको नाममा मान्यता प्राप्त बैंकबवट जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुनेगरी ७५ दिन अवधी (Validity) रहेको नेपाल सरकारबाट (क) वर्गको मान्यता प्राप्त गरेको बैकबाट सक्कल जमानिपत्र (UnconditionalBid Bond) संलग्न गरी पेश गर्नुपर्नेछ ।

५। दररेट अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६। म्याद नाघि आएको वा रित नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७। शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४,रोहिणी गाँउपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ तथा नेपाल सरकारका अन्य ऐन,नियमहरु बमोजिम हुनेछन ।

८। शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ।

९। सप्लायर्सले सप्लाई गर्दा औषधि तथा अन्य सामानहरुको प्रत्यक **Strips/Labeling** र प्याकिङ्गको बाहिर उत्पादन मिति,समप्त हुने मिति,ब्याच नम्बर,उत्पादक कम्पनी र रोहिणी गाँउपालिकाबाट निःशुल्क वितरण भन्ने वाक्यांश उल्लेख भएको तथा रोहिणी गाँउपालिकाबाट निःशुल्क वितरण भनि छाप लेखिएको हुनु पर्नेछ ।

१०। **सप्लायर्स औषधी सप्लाई गर्दा औषधीको म्याद कम्तीमा दुई वर्षको हुनु पर्नेछ ।**

११। शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ,दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस गाँउपालिकाको स्वास्थ्य शाखामा फोन गरी मो.नं ९८४७०२३०५५ वा कार्यालयमा आई बुझ्न सकिनेछ ।

१२। दरभाउपत्र साथ आपूर्ति गर्ने औषधिहरु **WHO/GMPCertifyCompany**बाट उत्पादित भएको नविकरण गरिएको प्रमाणपत्र,Surgical Itemsको हकमा नविकरण गरिइको ISOप्रमाणपत्र र औषधि विभागबाट प्राप्त नविकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेश गर्नुपर्ने छ ।

१३। सुई,धुलो र झोल औषधि बाहेक सम्पूर्ण औषधिहरु स्ट्रिपमा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतलमा आपूर्ति हुने सबै औषधिहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ ।

१४। कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै ब्यहोर्नु पर्नेछ र माग फारामानुसार सात ठाँउमा अलग अलग स्वास्थ्य संस्थाको प्याकिङ्ग गरि पठाउनु पर्नेछ ।

१५। आ.ब. ०७९।०८० का लागि औषधी खरिदमा थप रकम आएमा यसै दररेट अनुसार खरिद हुनेछ । दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.ब. का लागि भएकोले आ.ब.०७९।०८० आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्यवृद्धिलाई स्विकार गरिने छैन र माग भएको औषधी अवश्यकता अनुसार थपघट गर्न सकिनेछ ।

१६। बिदेशी औषधिको हकमा औषधि ब्यवस्थाको पैठारीसिफारिस पत्रको नबिकरणगरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

श्रीप्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

रोहिणी गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश

धकधई, रुपन्देही

गाउँ कार्यपालिका रुपन्देही नेपाल लुम्बिनी प्रदेश, २०७३

प.स.:-०७९/०८०

च.नं.:-

मिति ;- २०७९/०६/३०

१७। दरभाउपत्रदाताले उपलब्ध गराउने औषधि स्वदेशी उत्पादन भएमा खरीद कर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनका लागी जारी गरेको सक्कल आधिकारिक पत्र Authorization Letter र बिदेशी उत्पादन भएमा नेपाल भित्र बितरणको लागी तोकिएका आधिकारिक एजेन्टवाट लिएको सक्कलै आधिकारिक पत्र पेश गर्नु पर्नेछ ।

१८। एक बिक्रेताको नाममा बिक्री भएको दरभाउपत्र अर्को बिक्रेताको नाममा दाखिला [दर्ता] गर्न पाइने छैन र आधिकारिक ब्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्ने छ ।

१९। दरभाउपत्र पेश गर्दा मूल्य अभिब्रिधि करबाहेकको दररेट पेश गर्नु पर्ने छ ।

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत